नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं
## मितिः २०८१/०५/२७

## प्रेस नोट

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले दैनिक रुपमा दुई वटा अनुगमन टोली खटाई काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरुको बजार अनुगमन कार्य गरिरहेको छ।

बेकरी सर्टेनिङ्गलाई शुद्ध घ्यू भनी प्याकिङ्ग गरी बिक्री वितरण गरिरहेको भन्ने उपभोक्ताको गुनासो विभागमा प्राप्त भएकोमा सो सम्बोधन गर्न निरीक्षण अनुगमन टोली खटाईएको छ। यसै सिलसिलामा आज मिति २०८१/०५/२७ का दिन का.म.पा.-११, एकता मार्ग, नयाँ बानेश्वरस्थित अर्जुन डेरी प्रा. लि. नामको खाद्य उद्योग निरीक्षण अनुगमन गर्ने क्रममा केहीमा ढुसी लागेको, लेबल विवरण उल्लेख नगरेको बटर १५ केजी ब्लक १६ थान र १ केजीको प्याकमा राखिएको बटर १० प्याकेट एकै ठाउँमा फ्रिजरमा राखेको पाइएको, ढुसी लागेको २५ केजी चिज भण्डारण कक्षमा फ्रिजमा राखेको पाइएको, लेबल विवरण नभएको Rancid Off Flavour भएको घ्यू १ केजीको वट्टा ३० थान र १/२ केजीको वट्टा २८ वटा भण्डारण कक्षमा रहेको पाइएको, बटरबाट घ्यू तयार गर्ने भाडो फोहोर अवस्थामा रहेको तथा घ्यू उत्पादनका लागि अनुमतिपत्र नलिएको पाइएकोले जिल्ला प्रशासन कार्यालय, काठमाडौंको प्रतिनिधिको रहोवरमा उद्योगको भण्डारण कक्ष सिलबन्दी गरिएको छ।

यसैगरी विभागको अनुगमन टोलीले टोखा नगरपालिका -४, काठमाडौं स्थित अक्वा एस.एस वेभेरेज प्रा.लि., र टोखा नगरपालिका -८, काठमाडौं स्थित पिस स्प्रिंग वाटर प्रा.लि., खाद्य उद्योगहरुको निरीक्षण अनुगमन गरी खाद्य स्वच्छता कायम गर्न आवश्यक निर्देशन दिनुका साथै गुणस्तर परिक्षणका लागि नमूनाहरु संकलन गर्ने कार्य गरेको छ।

खाद्य स्वच्छता गुणस्तर ऐन, २०८१ को प्रावधान बमोजिम निषेधित कार्यहरु नगर्न नगराउन सम्पूर्ण खाद्य उद्योगी व्यावसायीहरुलाई जानकारी गराइन्छ। अन्यथा ऐन बमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ।

सिलबन्दी गरिएको उद्योगको फोटोहरुः









मोहन कृष्ण महर्जन
प्रवक्ता
२०८१/०५/२७